लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
☎: ०८२-४१३०८८

पत्र संख्या: २०८१।०८२
चलानी नं.: २२२

मितिः-२०८२-०३-२०

विषयः- बजेट निकासा फुकुवा सम्बन्धमा ।

श्री प्रदेश लेखा ईकाई कार्यालयहरु सबै
लुम्बिनी प्रदेश।

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.१०१४ मिति २०८२-०३-१९ गतेको बजेट निकासा फुकुवा सम्बन्धी पत्र यसैसाथ संलग्न छ। मन्त्रालयको सोहिपत्रबमोजिम निकासा फुकुवा भएका शिर्षकहरुको बजेट निकासा सम्बन्धी कार्य गर्नु गराउनुहुन अनुरोध छ।

दीपक ज्ञवाली
प्रदेश लेखा नियन्त्रक

बोधार्थः-

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेश।
श्री सबै मन्त्रालय, सचिवालय, आयोग तथा प्रदेश सरकार अन्तर्गतका सबै निकायहरु।

०८२-५९०४३७, ०८२-५९०४३८

लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

पत्र सङ्ख्याः०८१/८२
चलानी नं.: 1098

मितिः २०८२/०३/१९

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
लुम्बिनी प्रदेश, राप्ती उपत्यका(देउखुरी), नेपाल।

विषयः- बजेट निकासा फुकुवा सम्बन्धमा।

प्रस्तुत बिषयमा तहाँको च.नं. २२१, मिति २०८२/०३/१७ को बजेट निकासा फुकुवा सम्बन्धमा प्राप्त पत्र तथा चालु आ.व. २०८१/०८२ को प्रदेश सरकारको हालसम्मको खर्चको अवस्था एवम् प्रदेश सञ्चित कोषको अवस्था विश्लेषण गर्दा यस मन्त्रालयको मिति २०८२/०३/१५ गतेको निर्णयबाट फुकुवा गरिएका खर्च शीर्षक का अतिरिक्त तपसिलका थप खर्च शीर्षकमा खर्च/निकासाका लागि फुकुवा गरिएको ब्यहोरा यस मन्त्रालयको मिति २०८२/०३/१९ को (माननीय मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ।

साथै, यसको जानकारी प्रदेश सरकार मातहतका सबै मन्त्रालय तथा निकायहरुलाई समेत गराईदिनुहुन अनुरोध छ।

तपसिलः

१. सम्झौता बमोजिमको घर भाडाको रकम,
२. बिल बमोजिमको पानी तथा विद्युतको महसुल (अग्रीम पेश्की दिन नपाईने),
३. बिल बमोजिमको ईन्टरनेट तथा टेलिफोनको शुल्क (अग्रीम पेश्की दिन नपाईने),
४. विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सबै शिक्षण संस्थाहरुमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृत्ति स्वरुप दिईने रकम ,
५. पदाधिकारी तथा कर्मचारीले कानुनबमोजिम प्राप्त गर्ने बैठक भत्ता, जोखिम भत्ता, पोष्टमार्टम भत्ता जस्ता रकम,
६. जुनसुकै खर्च शीर्षकबाट भुक्तानी हुने पदाधिकारी तथा कर्मचारीको तलब,भत्ता तथा ज्याला वापतको रकम,
७. मिति २०८२/०३/१५ गतेको बजेट रोक्काको निर्णय भएपश्चात यस मन्त्रालयबाट रकमान्तर,स्रोतान्तर वा अन्य कुनै तरिकाबाट बजेट थप गरिएको रकम।

..................
(सुमन पौडेल)
बरिष्ठ शाखा अधिकृत
वरिष्ठ शाखा अधिकृत

Scanned with CamScanner

Email:-info@moeap.lumbini.gov.np/moeap5.temp@gmail.com, *Website : moeap.lumbini.gov.np*